नेपाल सरकार
वन तथा भू–संरक्षण मन्त्रालय
# वन विभाग

पत्र संख्या: २०७४/०७५
चलानी नं: 263

मिति २०७४/०९/०६

विषय :- निर्णय कार्वान्वियन सम्बन्धमा।

श्री जिल्ला वन कार्यालय सबै ।

उपरोक्त विषयमा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. ३/वन/८८/०७४/०७५ च.नं. २८० मिति २०७४/०५/१६ को पत्रसाथ प्राप्त जिल्ला वन कार्यालय तनहुँ अन्तर्गत जस्पुर सा.व.उ.स. मा भएको अनियमितताको विषयसगँ सम्बन्धित उजुरी निवेदन उपर पश्चिमाञ्चल क्षेत्रिय वन निर्देशनालय, पोखराबाट आवश्यक छानविन भई छानविन प्रतिवेदनमा उक्त समुहबाट काठ दाउरा संकलनको समयमा नियमन गर्ने निकायको प्रभावकारी स्थलगत अनुगमन गर्न एवं निरिक्षण नपुगेको देखीएकोले आगामी दिनमा यस किसिमको स्थिती सृजना हुन नदिन प्रभावकारी अनुगमनको व्यवस्था हुनु पर्ने राय सुझाव प्राप्त भई आएकोमा नेपाल सरकार (सचिवस्तर) को मिति २०७४/०८/१० मा सामुदायिक वनबाट काठ दाउरा संकलनको समयमा प्रभावकारी अनुगमनको व्यवस्थाको लागी वन विभाग मार्फत जिल्ला वन कार्यालयहरुलाई निर्देशन दिने निर्णय भएकोले निर्णय कार्यान्वियनको लागी अनुरोध छ भनि श्री वन तथा भू-संरक्षण मन्त्रालय (शासकिय सुधार शाखा) को च.नं. १२४ मिति २०७४/०८/१२ को पत्र यस विभागमा प्राप्त भएको हुँदा नेपाल सरकार (सचिवस्तर) को मिति २०७४/०८/१० मा भएको माथी उल्लेखित निर्णय कार्यान्वियनको लागी अनुरोध छ ।

कृष्णप्रसाद आचार्य
(महानिर्देशक)

महानिर्देशक

बोधार्थः
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
टङ्गाल, काठमाण्डौ ।
श्री वन तथा भू-संरक्षण मन्त्रालय (शासकिय सुधार शाखा),
सिंहदरबार काठमाण्डौ ।